# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. ०६८/०६९ मिति :– २०६९।२।५
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
श्रीमहल, पुल्चोक, ललितपुर ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०६९ साल बैशाख महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०६९।१।१४ को निर्णय उतार**

नगरपालिका वोर्ड बैठक प्रमुख एंव कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.

**निर्णय नं. (१)**

सिद्धार्थनगर नगरपालिकाको १४ औं नगरपरिषदवाट पारित निम्न खर्च शिर्षकहरुलाई छुट्ाइएको वार्षिक बजेट नपुग भएको हुंदा मिति २०६८।१२।२४ गते पेश टिप्पणी बमोजिम देहायका खर्च शिर्षकहरुमा रकम थप घट गरी रकमान्तर गर्ने निर्णय गरियो ।


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**चालु खर्च**

**शिर्षक**

| | | |
|---|---|---|
| ४.०५.१ | पदाधिकारी भ्रमण खर्च | - ८०,०००।- घट |
| ४.०५.२ | कर्मचारी भ्रमण खर्च | - ८०,०००।- बढ |
| २.०१. | पानी / विजुली महशुल | - १,००,०००।- घट |
| २.०३ | कार्यालय संचालन खर्च | - १,००,०००।- बढ |

**पुंजीगत तर्फ**

| | | |
|---|---|---|
| ४.०५.१ | सार्वजनिक संस्था अनुदान | - १,२०,०००।- घट |
| ६.०१ | फर्निचर | - ६०,०००।- बढ |
| ६.०३ | मेशिनरी | - ६०,०००।- बढ |

**निर्णय नं. २**

सिद्धार्थनगर नगरपालिकाको १४ औं नगरपरिषदवाट पारित खर्च शिर्षकको ९.०१ भैपरीमा छुट्टाईएको रु.५०,०००।- (पचास हजार) सिटीनेट च्याप्टर नेपालको तस्रो साधारण सभा यस नगरमा भएको र सो कार्यक्रमको लागी रकम विनियोजन नभएको हुंदा सो रकम विविध शिर्षकमा २.०८.५ थप गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

देहायका संघ संस्थालाई दिईएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

क) न्यू लुम्बिनी तेक्वाण्डो डोजाङ्ग सि.न.पा. १ लाई तेक्वाण्डो प्रतियोगिता संचालन गर्न रु.१५,०००।-
ख) नेपाल बुद्धिजीवी परिषद रुपन्देहीलाई अन्तरक्रियात्मक विचार गोष्ठी आयोजना गर्न रु. १०,०००।-
ग) अनाथ तथा असहाय महिला कल्याण समाज रुपन्देहीलाई रु. ५०००।-

**मिति २०६९।१।२० को निर्णय उतार**

**निर्णय नं. १**

नगरपालिकाको विभिन्न स्थानमा रहेको राजश्व संकलन केन्द्रमा कार्यरत कर्मचारीहरुलाई देहाय अनुसार मासिक भत्ता दिने निर्णय गरियो ।

क) बसपार्क र पटके सवारी कर :-

- इन्चार्जलाई रु. १०००।- (एक हजार)
- सहायकलाई रु. ८००।- (आठ सय)
- कार्यालय सहयोगीलाई रु. ६००।- (छ सय)



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

ख) बेलहिया स्थित पार्किङ्ग स्थल तथा फुटपाथ बैठकी शुल्क

- प्रति कर्मचारीलाई रु.८००।- (आठ सय)

नोट : बसपार्कको हकमा २०६८ चैत्र १ गते देखि लागु हुने र अन्यको हकमा खटिएको मिति देखि लागु हुने ।

**निर्णय नं. २**

सिद्धार्थनगर नगरपालिका र जनस्वास्थ्य कार्यालय तथा हिमाली सामुदायिक सेवा केन्द्र, बुद्धचोक सिद्धार्थनगरको संयुक्त आयोजनामा वडा नं. ९ मा स्त्री तथा वालवालिकाहरुलाई नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर संचालनका लागी सामुदायिक सेवा केन्द्रलाई रु.३०,०००।- (तिस हजार) अनुदान सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरपालिकावाट निम्न लिखित संघ/संस्था/क्लबलाई विभिन्न कार्यक्रम संचालनका लागी निम्नानुसार अनुदान सहयोग गर्ने र अनुमोदन गराउने गरी दिइएको अनुदान समर्थन गर्ने निर्णय गरियो ।

क) नेपाल प्रगतिशिल जनस्वास्थ्य कर्मी २०६३ यु.सि.एम.एस.लाई मे दिवसलाई रु. ५०००।- (पांच हजार)
ख) माया देवी उद्यान संरक्षक समिति वडा नं. ४ सिद्धार्थनगरलाई बुद्ध जयन्ती कार्यक्रमको लागी रु.३०००।- (तिन हजार)
ग) पेशागत महासंघ नेपाल जिल्ला कार्य समिति रुपन्देहीलाई अधिवेशनको लागी रु.५०००।- (पांच हजार)

**निर्णय नं. ४**

शहरी विकास तथा भवन निर्माण विभागको Secondary Towns Intergrated Urban Environmental Project को च.नं. ४२६ मिति 30th April 2012 को प्राप्त पत्रानुसार एशियाली विकास वैंकको ऋण अनुदान सहयोगमा यस नगरपालिकामा संचालन हुने (IUDP) एकिकृत शहरी विकास परियोजना ADB Project no. 42161 Nep (SF) कार्यक्रम कार्यान्वयनका लागी यस नगरपालिकाको तर्फवाट सम्झौता हस्ताक्षर गर्न न.पा. का प्रमुख एंवम कार्यकारी अधिकृत टीकादत्त राईलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

श्री सिद्धार्थ सुरक्षित मातृत्व संजाल संस्था सिद्धार्थनगरले बुद्ध जयन्तीको अवसर पारी सुरक्षित मातृत्वको महत्व वारेमा प्रचार प्रसार एंवम जनचेतना मुलक अभियान गर्न मिति २०६९।१।१८ को पत्रवाट सहयोग माग गरे अनुसार सो संस्थालाई रु. ६०००।- (छ हजार) दिने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

## मिति २०६९।१।२५ को निर्णय उतार

### निर्णय नं. १

एशियाली विकास बैंकको अनुदान / ऋण सहयोगमा संचालन हुने Intergrated Urban Development Project (IUDP) ADB Project No. 42161 NEP (SF) कार्यक्रम अन्तरगत सामाजिक विकास कार्यक्रम (Community Development Program) लाई सहयोग पुरयाउनको लागि Project Administration Manual (PAM) मा छुट्याइएको रकम मध्येवाट कार्य गरी NGO छनौट गरी NGO वाट कार्य गराउनको लागि DUBBC, PCO वाट प्राप्त हुन आएको लागत अनुमान रु. ४,८१,८२,३८६।४० (चार करोड एकासी लाख बयासी हजार तीन सय छयासी र पैसा चालिस मात्र) स्वीकृत गरी सूचना प्रकासन गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

एशियाली विकास बैंकको अनुदान/ऋण सहयोगमा संचालन हुने Interated Ubran Development Project (IUDP) ADB Project No. 42161 NEP (SF) कार्यक्रम अन्तरगत सामाजिक विकास कार्यक्रम (Community Development Programm) लाई सहयोग पुरयाउनको लागि NGO छनौटको लागि कार्यकारी अधिकृत द्वारा प्रमाणित पाना थान ४ (चार) को Shortlisting Criteria पारित गरि सोही अनुसार मुल्यांकन गर्ने निर्णय गरियो ।

## मिति : २०६९।१।३१ को निर्णय उतार

### निर्णय नं. १

सिद्धार्थनगर नगरपालिकाको नगरपरिषदले तोकेको दरमा नगरपालिकाले आफै बनाएको (राजमार्ग र सहायक राजमार्ग बाहेक) सडकहरुमा प्रवेश गर्ने भाडाका भारतिय नम्बर प्लेटका गाडीहरुमा ६ चक्का सम्मको गाडीमा प्रति पटक रु. ३००।- र ६ चक्का भन्दा माथिकोमा प्रति पटक रु. ४५०।- पटके सवारी कर संकलन गरि रहेकोमा सो दर बढी भएको कारणले व्यापारीहरुलाई मर्का परेको व्यहोरा उल्लेख गरी मिति २०६८।१२।१३ को पत्रवाट सो दरलाई परिमार्जित गरि पांउ भनी सिद्धार्थनगर उद्योग वाणिज्य संघ, रुपन्देही मार्फत अनुरोध भई आए अनुसार यस सम्बन्धमा छलफल गर्न मिति २०६९।१।२९ मा बसेको सर्वदलिय बैठकले आगामी नगर परिषदवाट अनुमोदन हुने गरि मिति २०६९।२।१ गते देखी लागु हुने गरि देहाय अनुसार परिमार्जन गर्न सिफारिश गरेको हुंदा सोही अनुसार गर्ने निर्णय गरियो ।

**निम्न**

| सि. नं. | सवारी साधनको किसिम | साविक दर | परिमार्जित दर |
|---|---|---|---|
| १. | ६ (छ) चक्का सम्मको ट्रली | ३००।- (तिन सय) | २००।- (दुई सय) |
| २. | ६ (छ) चक्का भन्दा माथीको ट्रली | ४५०।- (चार सय पचास) | ३५०।- (तिन सय पचास) |



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही


**निर्णय नं. २**

यस नगरपालिकाको मिति २०६८।६।५ को सर्वदलिय संयन्त्रको निर्णयले यस नगरपालिकामा एशियाली विकास वैंकको ऋण तथा अनुदान सहयोगमा संचालित एकिकृत शहरी विकास परियोजना कार्यान्वयनका लागी स्थापित परियोजना कार्यदल ईकाई (Project Implementaition Unit) मा काम गर्न तोकिएका कर्मचारीहरु मध्ये बांकी कर्मचारीहरुलाई परियोजनाको काम फिल्डमा शुरु भए पछि खटाउने गरी हाल निम्न कर्मचारीलाई मिति २०६९।१।१९ ( तदनुसार मे १, २०१२) देखी लागु हुने गरी परियोजना कार्यान्वयन ईकाइमा काम गर्न खटाउने निर्णय गरियो ।

**निम्न**

१) वरिष्ठ ईन्जिनियर - शैलेन्द्र प्रसाद श्रेष्ठ
२) वरिष्ठ अधिकृत - विवेक कुमार खनाल
३) वरिष्ठ अधिकृत (लेखा) - गणेश बहादुर क्षेत्री
४) ईन्जिनियर - यमलाल पाण्डे
५) लेखा अधिकृत - सन्तोष प्रसाद गुरुङ्ग
६) स्टोर किपर ना.सु. - श्रीराम गुप्ता
७) कम्प्युटर अपरेटर - राजेश अमात्य

**निर्णय नं. ३**

यस नगरपालिकाको बार्षिक कार्यक्रम अन्तरगत वडा नं. १३ स्थित अद्वैत पथ देखी उत्तर जनता पथ सम्मको सतह ढल निर्माणको श्री स्थानीय विकास मन्त्रालय जगेडा कोष अन्तरगत स्वीकृत भएकोले उक्त कार्याकम कार्यान्वयन गर्न रु. ५७,९२,७७२।२४ को लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कुशवाडिया उत्थान संघ केन्द्रिय कार्य समिति सिद्धार्थनगर रुपन्देहीले लोपोन्मुख जाती कुशवाडिहया भाषा प्राशिक्षण कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग माग भई आएकोले सो कार्यक्रम सञ्चालन गर्न रु.१५०००।- (पन्ध्र हजार) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

उज्जवल मुस्लिम महिला विकास समितिवाट महिलाहरुलाई सिलाई कटाईको तालिम सञ्चालन गर्न प्रस्ताव पेश भएको हुंदा सो कार्यक्रम गर्नलाई रु.२५०००।- (पच्चिस हजार) अनुदान दिने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np